बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,

कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

सूचना नं. ०५/०८३/८४

प्रथम पटक प्रकाशित मिति: २०८३/०८/०७

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न काभ्रेपलाञ्चोक जिल्ला भित्रका इच्छुक योग्य आवेदकहरु (कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, फर्म/कृषि कम्पनी) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८३/०८/२८) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी पेश गर्नुहुन "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत प्रस्ताव/आवेदन पेश गर्न इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://kavre.ado.gov.np/available-programs को आयोजना/कार्यक्रम माग आवेदन फारम भित्र गई प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु मध्ये आवेदन दिन चाहेको कार्यक्रमको "+ आवेदन फारम भर्नुहोस" लाई क्लिक गरी निर्दिष्ट कागजात/जानकारीहरु पूर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र. स	कार्यक्रमको नाम	इकाई	परिमाण	प्रोत्साहन रकम रु. (अधिकतम)	कार्यक्रम बजेट रु. लाखमा	प्रति क्लष्टरको न्यूनतम मापदण्ड	कैफियत
१	व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम	हेक्टर	२०	रु. २ लाख प्रति हेक्टर	४०	खुला जमिनमा ०.५ हेक्टर वा संरक्षित संरचनाको हकमा न्यूनतम १८० वर्ग मिटर क्षेत्रफल	
२	कफी प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग	हेक्टर	१०	रु. २ लाख प्रति हेक्टर	२०	२ हेक्टर	
३	साना सिंचाइ कार्यक्रम	संख्या	२८	प्रति साझेदार अधिकतम रु. २ लाख	५६	अधिकतम २५ हेक्टर क्षेत्रफलसम्म सिँचाई सुविधा पुग्ने साना सिँचाई पूर्वाधार	

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,

क्र. स	कार्यक्रमको नाम	इकाई	परिमाण	प्रोत्साहन रकम रु. (अधिकतम)	कार्यक्रम बजेट रु. लाखमा	प्रति क्लष्टरको न्यूनतम मापदण्ड	कैफियत
४	स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्बन सहयोग कार्यक्रम	संख्या	२	प्रति साझेदार अधिकतम रु. ३ लाख	६	खुल्ला जमिनको लागि न्यूनतम ३ रोपनी तथा संरक्षित संरचनाको हकमा न्यूनतम १८० वर्गमिटरको संरचना सहित स्मार्ट प्रविधि सँग सम्बन्धित क्रियाकलाप	व्यावसायिक तरकारी उत्पादन कार्यमा संलग्न कृषक समुह, कृषि सहकारी र नीजि कृषि फर्म/कम्पनीले आवेदन दिन सक्ने
५	मागमा आधारित जिवीकोपार्जन कार्यक्रम	संख्या	३५	प्रति साझेदार अधिकतम रू. १ लाख	३५		लक्षित वर्ग अन्तर्गत पर्ने अल्पसंख्यक समुदाय, अपाङ्ग, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदायका कृषकहरू तथा आर्थिक रुपले विपन्न व्यक्ति वा समुदायले आवेदन पेश गर्न सक्ने।

<u>प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा आवेदन तथा अनुसूची ३ बमोजिमको पूर्ण रूपमा भरिएको प्रस्तावना पत्र।
२. संस्था दर्ता, नवीकरण, मु.अ.कर (VAT)/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कार्यक्रम माग, संचालन एवं अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धी संस्थाको निर्णयको छायाँकपी।
३. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपी।
४. समूह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु।
५. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सम्बन्धी आवश्यक सिफारिस पत्र।

कुल प्रसाद [illegible]
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,

६. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपि।
७. छनौट भएको खण्डमा न्यूनतम तीन वर्षसम्म व्यवसाय सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने तथा दोहोरो अनुदान सुविधा नलिने अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र।
८. अनुसूचि ५ बमोजिमको कार्यक्रम संचालन हुने स्थानको नक्सा ।
९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि चालु आ.व. २०८३/०८४ मा अनुदान प्राप्त गरे/नगरेको अनुसूची १५ बमोजिमको स्व-घोषणा।
१०. किसान सुचीकरण प्रणालीमा दर्ता भएको किसान सुचीकरण दर्ता नम्बर साथै कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य विवरण एवं कागजातहरु।

<u>पुनश्च:</u>

- अनलाइन मार्फत प्रस्ताव पेश गर्ने आवेदकहरुले उल्लेखित सम्पूर्ण कागजातहरु कार्यालयको वेभसाइटमा रहेको अनलाइन प्रणाली मार्फत निर्दिष्ट सबै कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ, इमेल मार्फत पेश गर्न पाइने छैन र प्रारम्भिक चरणमा छनौट भएको खण्डमा पेश गरेका सक्कल कागजातहरु स्थलगत प्रमाणिकरणका क्रममा अनिवार्य देखाउनुपर्नेछ अन्यथा आवेदक छनौटको लागि अन्तिम मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- एक भन्दा बढी कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुले अनिवार्य रुपमा छुट्टाछुट्टै अनुसूची ३ बमोजिमको प्रस्ताव फारम पूर्ण रुपमा भरी छुट्टाछुट्टै फाइलमा पेश गर्नुपर्नेछ साथै आवेदकहरुले जिल्लाले निर्धारण गरेका प्राथमिकता प्राप्त बालीका पकेट सुहाउँदो कार्यक्रममा मात्र आवेदन दिनुपर्नेछ।
- साना सिंचाइ कार्यक्रमका लागि माथि उल्लेखित आवेदकहरुको अलावा जल उपभोक्ता समितिले समेत आवेदन दिन सक्नेछन्।
- कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम संशोधन भई स्वीकृत बजेट एवं लक्ष्य परिमाणमा परिवर्तन भएमा सोही अनुरुप कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ।
- प्रस्ताव पेशका लागि आवश्यक फर्मेटहरु क्रमश : प्रस्ताव आवेदन फारम, प्रस्तावना पत्र, स्वघोषणा, प्रतिवद्दता पत्र तथा कार्यक्रम संचालन हुने स्थानको नक्सा सम्वन्धि अनुसूचिहरु कार्यालयको वेभसाइट https://kavre.ado.gov.np/index.php/format डाउनलोड गर्न सकिने छ।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं